

# ३ भविष्यका सबै पुस्ताहरु

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति ३:६, उत्पत्ति ६:५,११, उत्पत्ति ६:१८, उत्पत्ति ९:१२-१७, यशैया ४:३ र प्रकाश १२:१७।

***यस अध्यायको मूल सार पद:*** **"तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रहको नजर भयो।" (उत्पत्ति ६:८ रूपान्तरित)।**

बाक्टेरिया वा शूक्ष्म जीवहरू बनस्पतिमा रहन्छन्। तिनीहरू यति सानो छ कि त्यसलाई हेर्न माइक्रोस्कोप चाहिन्छ। यसले सानोलाई ठूलो बनाएर देखाउँछ। एउटा सानो गोलो शूक्ष्म जीवणु वा बाक्टेरिया सिसाकलमको टुप्पोजत्रो देखिन्छ। त्यो पनि माइक्रोस्कोपको सहायताले हजार गुणा ठूलो देखाएर। यदि त्यस जीवाणुको निम्ति न्यानो, सुहाँउदो, भिज्ने र खाना पाउने वातावरण छ भने यो अत्यन्तै द्रुतगतिले बध्द्छ। उदाहरणमा कुनै जीवाणु आफूआफूनै फुटर बृद्धि हुन्छ। पाको सेल वा कोषिका आफै दुईटुक्रा हुन्छन् र दुई छोरी कोषिकाहरू बन्छन्। जब त्यसप्रकारले एक घन्टासम्म बृद्धि हुन्छ तब एउटा जीवाणुले १६,०००,००० (सोन्ह करोड) नयाँ जीवाणुहरू प्रत्येक २४ घन्टामा उत्पादन गर्दछ। ४८ घन्टाभित्र खरबौं जीवाणुहरू देखा परिसकेका हुन्छन्।

यो प्राकृतिक जगतमा जीवाणु हेर्ने माइक्रोस्कोप उपकरणले यस संसारमा पाप पसेपछि दुष्टता वा खराब कतिको द्रुतगतिले बढिरहेको छ भनेर देखाउँछ। अत्यन्तै महान् वौध्दिक क्षमताले सुसम्पन्न भएको, स्वास्थमा हट्टाकट्टा भएको र लामो आयुले सजिएको पुरुष जातिले परमेश्वरलाई त्यागे र उसमा भएको बिलक्षण वा असाधारण शक्तिलाई दुरुपयोग गरि अनेकौं दुष्ट तथा खराब रूपहरूमा बृद्धि गरायो। शुक्ष्म जीवाणुहरूलाई घाम, रासायनीक पदार्थ र एकदम ठूलो तापक्रमद्वारा नाश गर्न सकिन्छ तर परमेश्वरले भने

मानव जगतको विद्रोह र मानव जगतले उत्पादन गरेका अनगिन्तियौं खराब तथ दुष्ट तत्वहरूलाई नाश गर्न विश्‍व्यापी जलप्रलयदारा नाश गर्न निर्णय गर्नुभएको थियो।

**यस अध्यायको झलकः परमेश्‍वरको सृष्टिलाई पापले कसरी बिगार्‍यो? नोहाका केही चरित्र वा स्वभावहरू के थिए? नोहासँग बाँधिएको करारमा के तत्वहरू सामेल भएका थिए? जलप्रलय हुनुभन्दा अघि नै आफ्नो करारबाट परमेश्‍वरको सदाशयता र अनुग्रहलाई कुन कुन तरिकाहरूबाट प्रकट गर्नभएको थियो? जल प्रलयपछि परमेश्‍वरले मानव जगतसँग गर्नुभएको करारले हामीप्रति उहाँको विश्‍वव्यापी प्रेमको बारेमा के सिकाउँछ?**

## १. पापको संरचनाको सिद्धान्त (उत्पत्ति ६:५)

जब परमेश्‍वरले यस संसारलाई सृष्टि गर्नुभयो तब सृष्टिको अन्त्यमा आएर उहाँले यो उच्चारण गर्नुभएको थियो "आहा कस्तो धेरै असल" (उत्पत्ति १ः३१ रूपान्तरित)। अनि पाप पस्यो र सबै थोक भ्रष्ट भयो। त्यस समयदेखि कुनै पनि  थोक धेरै असल हुनगएन। परमेश्‍वरको व्यवस्थित सृष्टिलाई पाप र त्यसको सबै दुष्प्रणामले छताछुल्ल पार्‍यो। नोहाको समयसम्म आउँञ्जेल परमेश्‍वरप्रति विद्रोह गर्ने स्वभाव भयानक अनुपातमा पुगेको थियो। सारा मानव जातलाई नै खराब, दुष्टले निलेको थियो। बाइबलले कस्ता कस्ता खराब वा दुष्ट चालाहरू मानिसले रच्यो भनेर बाइबलले विस्तृत विवरण दिँदैन (यसबारे एलेन जी ह्वाइटको पाट्रियार्क एण्ड प्रोफेटसको पृ. ९०-९२मा उल्लेख गरिएको छ)। यद्यपि, मानिसहरको भ्रष्ट, दुष्ट, विद्रोही र परमेश्‍वरका नीति तथा नैतिकताहरूलाई ठाडो ठाडै उलङ्घन यस्तो भयो कि प्रेमिलो, धैर्यवान र क्षमाशील परमेश्‍वरले सहन सक्नुभएन।

यति छिटो मानव जाति खराब कसरी भयो? त्यसको जवाफ पाउन सायद धेरै गार्‍हो छैन भनेपनि हुन्छ। आफ्नै पापलाई हेर्ने कतिपय मानिसहरूले त्यही प्रश्‍न गरेन होला रः कति छिटो यस्तो खराब कसरी भयो?

**देहायका पदहरू हेर्नुहोस्। ती पदहरूले भन्न खोजेको विषय के हो? पापले बिस्तारै कसरी प्रगति गर्‍यो वा पाप चरणवद्धमा कसरी अगाडि बढ्यो? हेर्नुहोस्ः**

**अ. उत्पत्ति ३ः६ " जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ**

भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, जो उनीसँग थिए र उनले पनि खाए।" (नेपाली बाइबलमा "उनीसँग थिए" भन्ने वाक्य हटाइएको छ। तर विभिन्न अङ्ग्रेजी अनुवादहरूमा यो वाक्य कायमै छ-अनुवादकको टिप्पणी)।

आ. उत्पत्ति ३:११-१३ "११ उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ?" १२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के गर्‍यौ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गर्‍यो, र मैले त्यो खाएँ।"

इ. उत्पत्ति ४:५ "तर कयिन र तिनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै रिसाए, र तिनको मुख अँध्यारो भयो।"

ई. उत्पत्ति ४:८ " कयिनले आफ्ना भाइ हाबिललाई भने, "आऊ, हामी बाहिर खेतमा जाऔं।" अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे।"

उ. उत्पत्ति ४:१९ "लेमेखले दुई वटा पत्नी ल्याए। एउटीको नाउँ आदा र अर्कीको सिल्ला थियो।"

ऊ. उत्पत्ति ४:२३-२४ "२३ लेमेखले आफ्ना पत्नीहरूलाई भने, "ए आदा र सिल्ला, मेरा कुरा सुन, ए लेमेखका पत्नी हो, मैले भनेका कुरामा ध्यान दिएर सुन, किनभने मलाई चोट लाउने मानिसलाई मैले मारेको छु, मलाई घाइते बनाउने जवान मानिसलाई। २४ यदि कयिनको बदला सात गुणा लिइन्छ भने, लेमेखको चाहिँ सतहत्तर गुणा लिइनेछ।"

ए. उत्पत्ति ६:२ "तब परमेश्वरका छोराहरूले मानिसका छोरीहरूलाई सुन्दरी देखे, र आफ्ना-आफ्ना रुचिका पत्नीहरू ल्याए।"

ऐ. उत्पत्ति ६:५-११ "५ पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो। ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो। ७ त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई

**पृथ्वीबाट म मेटिदिनेछु– के मानिस, के घस्रने जन्तु, के आकाशका पन्क्षी सबैलाई– किनभने ती बनाएकोमा मलाई दुःख लागेको छ।" ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो। ९ नोआको वृत्तान्त यही हो। आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए। तिनी परमेश्वरको साथै हिँड्ने गर्थे। १० नोआले तीन जना छोराहरू जन्माए– शेम, हाम र येपेत। ११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो। १२ जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए।"**

उत्पत्ति ६ र ११ त्यसै अचानक आएको थिएन। तिनीहरूको अघि इतिहास थियो। यो भयानक परिणामलेको कारण थियो। पाप चरणबद्धरूपमा खराब हुँदै प्रगति गर्‍यो। त्यसको फलस्वरूप पापको रूप झन झन खराब हुँदै गयो। पापको प्रगति यस्तै हो। पाप कुनै काटिएको घाऊ जस्तो होइन जसले स्वःत निको हुँदै जान्छ। तर त्यसको बिपरित पापलाई नियन्त्रण गरेन भने त्यो बृद्धि हुँदै जान्छ र जससम्म यसले ध्वस्त पार्दैन र मृत्युलाई निम्त्याउँदैन तबसम्म यसको चित्त कहिल्यै पनि बुझ्दैन। जलप्रलयभन्दा अघि मानिसको जीवन कुन नीतिले परिचालन भएको रहेछ भनेर कल्पना गर्न गाऱ्हो छैन। किनभने त्यही नीति हामीहरूको वरिपरि अहिले पनि चलिरहेको छ।

त्यसकारण परमेश्वरले पापलाई घृणा गर्ने काममा अचम्म मान्नुहुन्न, ढिलो होस् वा चाँडो होस् पाप सदाको निम्ति निर्मूल पारिनेछ। न्यायी र प्रेमिलो परमेश्वरले यो बाहेक पापलाई अरू के गर्न सक्नुहुन्थ्यो र?

असल समाचार त यो छ कि परमेश्वरले पापलाई हटाउन चाहनुहुन्छ तर उहाँले पापीहरूलाई उद्धार गर्न चाहनुहुन्छ। यही नै करारको मूल सार हो।

## २. मानिस नोहा (उत्पत्ति ६:९)

**जल प्रलय हुनुभन्दा अगाडि मानिसहरू खराब र दुष्टताको पराकाष्टामा पुगेका थिए। यसको बारेमा बाइबलले खुलारूपमा यसरी व्यक्त गर्दछ "पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो" (उत्पत्ति ६:५)। मानिसहरूको दिमाग र सोच्ने शक्ति नै अरूलाई कसरी बिगार्ने भन्ने नियतको**

**पर्दाले छोपेको थियो। तर त्यस्ता मानिसहरूको वातावरणमा नोहा तिनीहरूभन्दा फरक भएर सिङ्गो धरहरा जस्तो उभिएको पाइन्छ। उत्पत्ति ६:९मा नोहाका तीन विशेष गुणहरू उल्लेख गरिएको छ। ती गुणहरूले गर्दा परमेश्वरको सामु उनी धरोहर हुन गए। तिनीहरूलाई पढेर ती गुणहरूको अर्थ के हो गहिरिएर सोच्नुहोस्ः**

**"आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए। तिनी परमेश्वरको साथै हिँड्ने गर्थे" (उत्पत्ति ६:९)।**

**अ. नोहा धर्मी मानिस थिए**

**आ. उनी निर्दोष थिए**

**इ. उनी परमेश्वरसँग हिँड्दथे**

नोहामा भएका ती तीन स्वभाव वा गुणहरूले परमेश्वरसँग व्यक्तिगत र गाढा सम्बन्ध थियो भनेर बताउँछ। उहाँसँगको सम्बन्धमा नोहा पापपूर्ण वातावरणमा सुरक्षित रहेका थिए। त्यसले गर्दा उनीसँग काम गर्न परमेश्वर सक्नुभएको देखाइएको थियो। परमेश्वरको आवाजलाई सुन्ने, उहाँका आज्ञाहरूलाई पालन गर्ने र उहाँले भरोसा राख्न सक्ने गुणहरूले नोहा सुसज्जित भएको थियो। त्यसैकारण परमेश्वरको लक्ष्यलाई पूरा गर्न उहाँले नोहालाई प्रयोग गर्न सक्नुभएको थियो। त्यसैले पत्रुसले नोहालाई "धार्मिकताका प्रचारक" भनेर सम्बोधन गरेका थिए (२ पत्रुस २:५)।

**नोहा र परमेश्वरको बीचमा भएको सम्बन्धलाई उत्पत्ति ६:८ले कसरी बुझाउन खोज्दछ? हेर्नुहोस्, "नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो।"**

बाइबलमा अनुग्रह भन्ने शब्द यहीँ पहिलो पल्ट देखापरेको पाइन्छ। नयाँ कराररले त्यही शब्द अनुग्रहलाई निरन्तरता दिइएको छ। त्यसको अर्थ पापी र अयोग्य मानिसकोपक्षमा करुणामयी र सदाशयी परमेश्वर उभिनु हो। त्यसकारण नोहा जतिसुकै निर्दोषी र धर्मी भएतापनि उनी पापी नै थिए र उनको धर्मकर्मको प्रतिफलले होइन परमेश्वरको कृपादृष्टि उनमा हुनु आवश्यक थियो । यस सन्दर्भमा, यथार्थमा भन्ने हो भने नोहा हामीभन्दा कुनै फरक थिएन जसले हृदयदेखि परमेश्वरलाई पछ्याउन चाहन्छन्।

**प्रदुषित, पापले ग्रष्ट भएको वातावरणमा पौडिखेल्न वाध्यभएको नोहालाई त परमेश्वरको अनुग्रहको आवश्यकता थियो भने हामीलाई पनि त्यसको आवश्यकतालाई आँखा चिम्लन सक्नुहुँदैन। त्यही कुरालाई ख्यालमा राखेर तपाईंले आफ्नो जीवनलाई नियाल्नुहोस् र सोध्नुहोस् के मपनि नोहा जस्तै**

**"धर्मी", "निर्दोषी" र "परमेश्वरसँग हिँड्ने" भएकोछु? भित्री आत्मआलोचना गरेर आफ्नो मनमा आएका कुराहरू लेख्नुहोस्।**

## ३. नोहासँग गरिएको करार

**"तर तिमीसित म करार स्थापना गर्नेछु। तिमीहरू जहाजमा आउनु- तिमी, तिम्रा छोराहरू, तिम्रो श्रीमती र तिम्रा छोराका श्रीमतीहरूलाई तिमीसँग भित्र पस्नु" (उत्पत्ति ६:१८ रूपान्तरित)।**

परमेश्वरले मानव जगतसँग गर्नुहुने बाइबलीय करारका आधारभूत कुरा यस एउटा पदमा प्रस्तुत गरिएको छः परमेश्वर र मानिसको बीचमा सहमति भयो। त्यति सरल छ।

तैपनि त्यसभित्र गहिरो कुरो पनि लुकिएको छः मानिसको भागमा आज्ञापालनको आवश्यकता छ। नोहा र उनका परिवार जहाजभित्र जानु भनेर परमेश्वरले नोहालाई भन्नुभएको थियो। तिनीहरूको आफ्नो भाग काम पूरा गर्नुपरेको थियो। यदि तिनीहरूले तिनीहरूको भाग पूरा गरेन भने त्यो करार स्वःत खारेज हुन्थ्यो। त्यसको हानी तिनीहरूलाई नै हुन्थ्यो। त्यस करारको फाइदा तिनीहरूले उठाउन सक्थ्यो। यदि नोहाले परमेश्वरलाई हुन्छ भने वा उहाँसँगको करार अनुसार चल्न उनले राखेन भने वा हुन्छ भनेर उनले आफ्नो मन फेर्‍यो भने त्यसको नतिजा उनको निम्ति र परिवारको निम्ति के हुन्थ्यो होला?

**परमेश्वरले स्पष्टरूपमा भन्नुभयो यो "मेरो करार" हो। यसले गर्दा करारको आधारभूत स्वभावलाई कसरी देखाउँछ? यदि परमेश्वरसँग गरिने करार "हाम्रो" भएको भए त्यसले के फरक पार्थ्यो होला?**

यो परिस्थिति जुन विशेष भएतापनि यहाँ उल्लेख गरिएको करारमा परमेश्वर र मानिसको बीचमा हुने गतिशील तत्वलाई प्रकट गरिएको छ। "मेरो करार" भनेर परमेश्वरले सम्बोधन गर्नुहुँदा उहाँले उहाँको अनुग्रहलाई यहाँ फेरि देखाउनुभएको छ। पापको कारणले बिनाश हुने मानव जगतलाई बचाउन परमेश्वरले नै पहिला कदम चाल्नुभएको यहाँ देखाइएको छ। संक्षिप्तमा भन्ने हो भने यो करार दुई समान व्यक्तिहरूको बीचमा समझदारी हुँदा एकसँग अर्को भर पर्ने भनेर हेरिनुहुन्न। हो, परमेश्वरलाई त्यस करारबाट फाइदा त हुन्छ तर त्यो फाइदा मानिसले जस्तो पाउनेभन्दा भारि फरक छ। उहाँले पाउने फाइदा यो हो कि उहाँलाई प्रेम गर्नुहुनेलाई उहाँले अनन्त जीवन

प्रदान गर्न सक्नुहुन्छ-जुन उहाँको निम्ति कम संतुष्टको कुरो थिएन (यशैया ५३:११)। त्यसले गर्दा उहाँले पाइने फाइदा हामीले अपेक्षा गरेको फाइदाभन्दा फरक छ।

यो कथा हेर्नुहोस्ः कोही मानिस डुङ्गामा गइरहेको छ। हावाहुरी आएर त्यसलाई डुङ्गाबाट हुत्तिएर समुद्रमा डुब्न पुग्यो। डुङ्गामा भएको मानिसले त्यसलाई बचाउन ज्यान जोगाउने बस्तु खसाल्छु ताकि त्यस डुब्न लागेको मानिसले त्यसको सहाराले बचोस्। तब डुब्न लागेको मानिसले त्यो हुन्छ भनेर सहमति जनाउनुपर्छ र त्यस थोकलाई हातले समातेर डुङ्गामा सुरक्षित आउन राजि हुनुपर्छ। परमेश्वर र मानिसको बीचमा हुने करारलाई केलाएर हेर्दा त्यही कथाले हामीलाई बुझाउन सक्नुपर्छ।

**माथिको कथामा अनुग्रहको अवधारणा भएको तपाईंले कसरी बुझ्न सक्नुहुन्छ? तपाईंको सम्बन्ध परमेश्वरमा हुनुपर्ने आवश्यकतालाई त्यस कथाले कसरी बुझाउँछ? कुन आधारमा तपाईं परमेश्वरसँग सम्बन्ध राख्न जरुरी छ?**

## ४. इन्द्रेनीको चिन्ह

**"र परमप्रभु परमेश्वरले भन्नुभयो, 'तिम्रो र मेरो बीचमा र तिमीसँग रहेका प्रत्येक जीवजन्तु र भविष्यका पुस्ताहरूको निम्ति एउटा करारको चिन्ह बनाउनेछुः मेरो धनु बादलमा राखिदिनेछु, र यही नै मेरो र पृथ्वीको बीचमा भएको करारको चिन्ह हुनेछ"** (उत्पत्ति ९:१२,१३ रूपान्तरित)।

केही प्राकृतिक दृश्यहरूमा इन्द्रेनी भन्दा धेरै सुन्दर थोरै होला। बालककालमा त्यो आकर्षित र अचम्मको चकित पार्ने प्रकाश पहिलोपल्ट हेरेको कसले बिर्सन सक्छ होला? रहस्यमय रङ्गीचङ्गी रङ्ग आकाशमा अर्ध गोलाकार देखिएको त्यो धनुले बालकको हृदयलाई रमाइलो महसुस गराएको हुन्छ। ठूलाहरूको निम्ति पनि विभिन्न रङ्गहरूले सजिएको धनु बादलमा देख्दा मनमोहक नै भएको हुन्छ। आज पनि इन्द्रेनीलाई विभिन्न राजनैतिक संस्था वा धार्मिक अगुवाहरू वा सङ्गीत समूह वा बान्ड वा यात्रा गर्न आकर्षित गर्ने निकायहरूले आफ्नो विज्ञापनको निम्ति प्रयोग गरिरहेको पाइन्छ (गुगलमा इन्द्रेनी वा रेनबो टाइप गरेर हेर्नुहोस् त त्यसलाई कतिले प्रचलित गरिरहेको पाइन्छ)। अझै पनि ती सौन्दर्यात्मक रङ्गका पट्टीहरूले हामीहरूको हृदय र दिमागका तरङ्गहरूलाई छोइरहेको हुन्छ।

हो, त्यस्तै होस् भन्ने परमेश्वरकै चाहना थियो।

**इन्द्रेनी केको चिन्ह हुनेछ भनेर परमेश्वरले किन भन्नुभयो? हेर्नुहोस् उत्पत्ति ९:१२-१७ "१२ अनि परमेश्वरले भन्नुभयो, "जुन करार मेरो र तिमीहरू र तिमीहरूका साथमा भएको हरेक जीवित प्राणीको बीचमा सबै पुस्तौंसम्मको निम्ति म ठहराउँदैछु, त्यसको चिन्ह यही हुन्छ। १३ म बादलमा मेरो इन्द्रेनी राख्तछु, र मेरो र पृथ्वीको बीचमा त्यो एउटा करारको चिन्ह हुनेछ। १४ जहिले-जहिले म पृथ्वीमा बादल फिँजाउँछु र बादलमा इन्द्रेनी देखा पर्छ, १५ मेरो र तिमीहरू अनि हरेक किसिमको जीवित प्राणीको बीचमा रहेको मेरो करार म सम्झनेछु। पानीले फेरि कहिल्यै सबै प्राणीलाई नाश गर्ने प्रलय ल्याउनेछैन। १६ जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ।" १७ यसरी परमेश्वरले नोआलाई भन्नुभयो, "मैले पृथ्वीका सारा प्राणी र मेरो बीचमा बाँधेको करारको चिन्ह यही हो।"**

परमेश्वर आफैले तोकिएर इन्द्रेणी "मेरो करार"को (उत्पत्ति ९:१५) चिन्ह हुनेछ भनेर त्यसलाई प्रयोग गर्नुभएको थियो। यो पनि अचम्म लाग्दो छ कि करार भन्ने शब्द यहाँ कसरी प्रयोग गरिएको छ। करार भन्ने शब्द अरू कहीँमा भन्दा यहाँ भिन्नै तरिकाले प्रयोग गरिएको छ। अब्राहम वा सिनैमा वा नोहासँग बाँधिएको करारमा भन्दा यस इन्द्रेनीको करारले त्यसको फाइदा उठाउनेहरूलाई केही जिम्मेवारी तोकिएको छैन। फेरि परमेश्वरको वचन कुनै निश्चित मानिस वा समूहको लागि नभएर सबै मानिसहरूदेखि लिएर "प्रत्येक जीवित प्राणी" (उत्पत्ति ९:१५ रूपान्तरित) र "भविष्यका सबै पुस्ताहरूको निम्ति" रे (उत्पत्ति ९:१२ रूपान्तरित)। परमेश्वरलाई विश्वास गरोस् वा नगरोस् यहाँ व्यक्त गरिएको परमेश्वरको वचन विश्वव्यापी र सबैलाई समेतिएको छ। यसलाई हेर्दा यो इन्द्रेनीको अवधारणाले अरू करारहरूमा जस्तै परमेश्वर र मानव जगतको सम्बन्धको बारेमा चर्चा गरिएको पाइन्दैन।

**यस करारले परमेश्वरको अनुग्रहलाई कसरी प्रकट गरिएको छ? यो करारको निम्ति पहिलो कदम चाल्ने को हो? त्यसको अन्तिम फाइद कसले** उठाउँछ?

**हो, यहाँ व्यक्त गरिएको करारमा हाम्रो विशेष जिम्मेवारी के हो सो उल्लेख गरिएको छैन (केवल परमेश्वरको भागमा भने उहाँले यस पृथ्वी पूरैलाई पानीद्वारा नष्ट नगर्ने वचन दिनुभएको थियो) तैपनि कुन परिवेशमा इन्द्रेनीको**

**करार भइयो त्यसको ज्ञानले हामी परमेश्वरप्रति आज्ञाकारी हुनुपर्छ भनेर त्यसले कसरी प्रभाव पार्दछ? छोटकरीमा भन्ने हो भने जब हामी आकाशमा इन्द्रेनी देख्छौं र जुन कारणले त्यो स्थापित भयो त्यसले गर्दा त्यसबाट हामी के पाठहरू सिक्नसक्छौं?**

## ५. "केवल नोहामात्र बाँकि रह्यो"

**"अनि जति प्राणी जमिनमा थिए– के मानिस, के पशु, के घस्रने जन्तु, के पन्क्षी , सबै मासिए। तिनीहरू पृथ्वीबाट मासिए, केवल नोआ र जति जना तिनीसित जहाजमा थिए तिनीहरू मात्र जीवितै रहे वा बाँकि रहे" (उत्पत्ति ७:२३)।**

यस पदमा "बाँकि" रहे वा "मात्र जीवित रहे" भनेर "रेमनेन्ट" वा बचेखुचेको अर्थात् बाँकिरहेको भन्ने अवधारणा पहिलोपल्ट प्रयोग गरिएको पाइन्छ। यही धारणाको जड पुरानो करारमा धेरै ठाउँमा प्रयोग गरिएको छ जसले "बाँकि सन्तान" भन्ने बुझाउँछ।

"तर तपाईंहरूको *एउटा (बाँकि) भाग* पृथ्वीमा जोगाएर राख्न र तिमीहरूमध्ये धेरै प्राण बचाउन भनी परमेश्वरले मलाई तिमीहरूभन्दा अगि यहाँ पठाउनुभएको हो" (उत्पत्ति ४५:७)।

"सियोनमा छोड़िएका र यरूशलेममा *बाँकी रहेकाहरू*, अर्थात् यरूशलेममा बस्नेहरू भनी दर्ता भएकाहरू पवित्र कहलाइनेछन्" (यशैया ४:३)।

"त्यस दिन परमप्रभुले अश्शूर, तल्लो र माथिल्लो मिश्र, कूश, एलाम, बेबिलोनिया, हमात र समुद्रका टापूहरूबाट आफ्ना प्रजाको *बाँकी रहेको भागलाई* छुटाउनलाई आफ्नो हात फेरि दोस्रो पल्ट पसार्नुहुनेछ" (यशैया ११:११)।

माथि उल्लेख गरिएका तेर्सो शब्दहरूले उत्पत्ति ७:२३मा उल्लेख गरिएको शब्दसँगै मिल्दछ।

**उत्पत्ति ७:२३ र अरू उदाहरणहरू हेर्नुहोस्। यहाँ उल्लेख गरिएका बाँकि सन्तान वा बचेका सन्तान भन्ने धारणाको बारेमा तपाईंले के बुझ्नुहुन्छ? कस्तो परिस्थितिमा बाँकि सन्तान वा बचेका सन्तान हुनपुग्यो? करारको अवधारणासँग त्यो बाँकि वा बचेका भन्ने धारणा कसरी मिल्दछ?**

जलप्रलय भएको बेलामा यस संसारको सृष्टिकर्ता विश्वको न्यायधिस हुन पुग्नुभएको थियो। दुष्ट पापले भरिएको मानव जगतलाई नाश गर्नुपर्ने वाध्य हुनुपर्दा के सबै मानव जीवन र जीवजीवातहरू नै सखाप पार्नुपर्ने हो कि भन्ने प्रश्न उठेको थियो। यदि बचाउनै पर्ने भए कसलाई बचाइ राख्ने भन्ने प्रश्न उठेको थियो। तिनीहरूमा बाँकि को होला?

यस परिवेशमा नोहा र उनका परिवार हुन गएको थियो। तैपनि नोहाको उद्धार परमेश्वर र उनको बीचमा भएको करारसँग जोडिएको थियो (उत्पत्ति ६:१८)। त्यो करार परमेश्वरबाट नै उत्पत्ति भएको थियो र उहाँकै दया, करुणा र अनुग्रहले कार्यान्वयन भएको थियो। परमेश्वरले तिनीहरूको निम्ति जे गर्नुभयो त्यसैको कारणले तिनीहरू बाँचेका थिए। निसन्देह, परमेश्वरले बाँध्नुभएको करारमा तिनीहरूको सहकार्य महत्त्व त थियो नै। करारमा नोहाको जिम्मेवारी जेभएतापनि त्यसलाई इमान्दार र विश्वासपूर्ण जसरी पालना गरेतापनि उनको आशा केवल परमेश्वरकै निगाहामा थियो।

**युगको अन्तमा हुने बाँकि सन्तानको (प्रकाश १२:१७ "परमेश्वरका आज्ञा पालन गर्ने र येशूको गवाही हुने बाँकि सन्तान" –यो अंश कुनै कुनै नेपाली बाइबलमा हटाइएको छ) बारेमा तपाईंले थाहा पाउनुभएकोले नोहाको कथासँग त्यो कसरी समान्तर देख्नुभएको छ जसले गर्दा हामी त्यही बाँकि सन्तान हुन तयार हुन सकौं? दैनिक जीवनमा हामीले कस्ता किसिममा निर्णयहरू गरिरहेकाछौं जसले गर्दा अन्तिम युगमा हामी कहाँ उभिनेछौं भन्ने निर्णयमा प्रभाव पार्न सक्छ?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटको *पाट्रियार्क एण्ड प्रोफेटसको* पृ. ९०-१०४मा उल्लेखित "द फ्लड" र पृ. १०५-११०को "आफ्टर द फ्लड" अध्यायहरू।

"परमेश्वरले स्थापना गर्नुभएको प्राकृतिक कृति इन्द्रेनी एकदम मिल्ने चिन्ह हो जसले यस संसारलाई जलप्रलयबाट फेरि कहिल्यै नाश नहुने भन्ने परमेश्वरको प्रतिज्ञालाई देखाउँछ। जबप्रलयपछि यस संसारको मौसमीक वातावरण अत्यन्तै फरक होला र संसारको विभिन्न भागहरूमा पहिलाको जस्तै शितले माटो नभिज्याइ आकाशको पानीले भिज्ला तर जब पानीको वर्षा हुन्छ यसले संसार नाश हुनेछैन भनेर ढुक्क पार्दछ। जब जब पानी पर्छ वा भारी वर्षा हुन्छ मानिसभित्र त्यसले ल्याउने विनाशको डर हुन्छ तर इन्द्रेनीले त्यस

डरलाई साम्य पार्दछ। आत्मिक मानिसले प्राकृतिक दृश्यहरू वा कामहरूमा परमेश्वरको चरित्रलाई प्रकट गरिएको देख्दछ (रोमी १:२०)। त्यसकारण जब पानी पर्छ र इन्द्रेनी देखा पर्छ तब तब पानीले आशिष ल्याउँछ तर विश्व जलप्रलय होइन भनेर विश्वासी आशावान हुनसक्छ।"-*द एस डीए बाइबल कमेन्टरी,* ठेली १, पृ. २६५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. "ती दिनहरूमा पृथ्वी प्रचुरमात्रामा भरिएको थियो। मानिसहरू संख्यात्मकरूपषमा बढेका थिए, संसार जङ्गली साँढे जस्तो गर्जेको थियो र तिनीहरूको हो हल्लाले महान् परमेश्वर ब्युँझिनुभएको थियो। मूख्य देवता इनलिलले संसारको भइरहेको होहल्ला सुने र सबै देवीदेवताहरूलाई बोलाएर परिषदममा भने, "मानिसहरूको होहल्ला त सहनै नसक्नेभयो होहल्लाले म सुत्नै सकिँन।' तब सबै मानिसहरूलाई सखाप पार्ने निर्णय ती देवीदेवताहरूले गरे।"- "द स्टोरी अभ द फ्लड" इन द इपिक अभ गिलगमेश, एन.के. सान्दर्सबाट अनुवादित (लन्डनः पेनग्विन, १९७२) पृ. १०८बाट रूपान्तरित। करिब चार हजार वर्ष अघि लेखिएको पौराणिक मेसोपोटामियाको पौराणिक कथा गिलगमाशमा पानीद्वारा यस संसार नाश गर्ने देवताहरूले निर्णय गरेका थिए रे। तिनीहरूले मानिसहरूलाई नाश गर्नुपर्ने कारण र बाइबलमा दिएको कारणमा के भिन्नता छ?

आ. परमेश्वरको न्याय हुने समयको बारेमा नोहाले चेतावनी दिएका थिए तर उनले चेतावनीभन्दा अरू बढि काम गरेका थिए। उनको चेतावनीको उद्देश्य मानिसहरूलाई मुक्ति तथा उद्धारको आवश्यक भएको देखाउने थियो। तर मानिसहरूले गिल्ला गरे र नोहाप्रति हँस्सी देखाए। मुक्तिको बारेमा प्रचार प्रसार गरिने सत्य किन जहिले पनि प्रायजसो मानिसहरू मनपराउँदैनन् वा लोकप्रिय छैन? सोच्नुहोस् र त्यसको सूची बनाउनुहोस् जसमा केले गर्दा मानिसहरूले परमेश्वरको मुक्तिको योजनालाई ग्रहण गर्नबाट रोकिरहेको हुन्छ। उदाहरणमा, यूहन्ना ३:१९,२० "१९ फैसलाचाहिँ यही हो: ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरु अन्धकारलाई रुचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। २० किनभने दुष्ट काम

**गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्।", यूहन्ना ७:४७,४८ "४७ फरिसीहरूले यिनीहरूलाई भने, "तिमीहरू पनि बहकियौ, कि कसो? ४८ के धर्म-गुरु अथवा फरिसीहरूमध्ये कसैले उसमाथि विश्वास गरेको छ? ", यूहन्ना १२:४२,४३ "४२ तरै पनि शासकहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे, तर फरिसीहरूको डरले गर्दा, र तिनीहरूले सभाघरबाट निकालिदिन्छन् भन्ने डरले त्यो स्वीकार गरेनन्। ४३ किनभने परमेश्वरको प्रशंसाभन्दा मानिसको प्रशंसा तिनीहरू बढ़ी रुचाउँथे।" र याकूब ४:४ "४ व्यभिचारी मानिस हो, संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ।"**

**सारांशः** परमेश्वरले नोहासँग गर्नुभएका करारहरू बाइबलकै परिधिभित्रै र बाइबलकै परिप्रेक्षमा रहेर छलफल गर्नुपर्ने यस अध्यायमा हामीले हेऱ्यौं। ती करारहरूले मानव जीवनप्रति परमेश्वरको अनुग्रहले भरिएको चासो देखाउँछ र तिनीहरूसँग मुक्तिदिने सम्बन्धमा आफू रहन चाहनुभएको परमेश्वरले देखाउनुभएको थियो। नोहासँग परमेश्वरले आफ्नो करार पुष्टि गर्नुभएको थियो र भ्रष्ट हुने बातावरणबाट नोहालाई सुरक्षित राखेको थियो र अन्तमा आएर जलप्रलयबाट संसार बिनाश हुने परमेश्वरको कदमबाट उनलाई र उनका परिवारलाई उद्धार गरिएको थियो।

"बादलमा भएको चिन्ह (इन्द्रेनी)ले सबै मानिसहरूको आस्थालाई अनुमोदन गरिएको र तिनीहरूको भरोसा परमेश्वरमा भएको देखाउँदछ। यो मानिसप्रति परमेश्वरको दया र भलाईको चिन्ह थियो। पापले गर्दा मानिसहरूको ज्यादतिप्रति परमेश्वर रुष्ट भएर जलप्रलयले यस संसार नाश गर्ने उहाँको निर्णय भएको थियो। यद्यपि त्यस इन्द्रेनीले परमेश्वरको करुणा, भलाई, अनुग्रह र दया यस संसारको मानव जगतलाई समेतिएको छ भन्ने प्रमाण अझै पनि जारी छ।"-एलेन जी ह्वाइट, *द स्टोरी अभ रिडेम्प्टशन,* पृ. ७१बाट रूपान्तरित।

## कथा ३
## परमेश्वरले गल्ती गर्नुहुन्न
## क्रिस्टल ह्वाइट, ३२, ट्रिनिडाड र टोबेगो

करिबियन टापुहरूका धेरै जसो केटाकेटीहरूको उपनामहरू छन्। क्रिस्टल ह्वाइटकी दिदी छिन् जसको नाउँ क्याथरिन हो। तर सबैले उनलाई पोली (सुगा) भनेर बोलाउँछिन् किनभने उनी सुगाजस्तो पकपक बोलिरहन्छिन्। क्रिस्टलकी अर्को दिदी छिन जसको नाउँ रोचेल हो। तर सबैले उनलाई मप्सी (भुइँ सफा गर्ने लठ्ठी) भन्छ किनकि उनी भुइँ सफा गर्ने लठ्ठी जस्तै पातली छिन्। तर क्रिस्टलको बुबाले क्रिसटललाई अग्ली (कुरुप) भनेर नाउँ दिएका थिए। बुबाले उनलाई त्यो अग्ली (कुरुप) नाउँ त्यसबेला दिएका थिए जब उनी एक दिन ट्रिनिडाड र टोबेगोको गाउँ कुमुटोमा तिनीहरूको घरमा मेचमा बसिरहेकी थिइन्। भरेङ्ग उक्ले पछि बुबाले उनको खुट्टामा धाप मार्दै भने, "हाइ, अग्ली।" क्रिस्टलाई धेरै नराम्रो लाग्यो। स्कूलमा केटाकेटीहरूले उनलाई त्यस नाउँबाट कहिलेकाहीं बोलाउँथ्यो, तर अहिले आफ्नै बुबाबाट उनको मजा उठाइरहेका थिए। "म अग्ली (कुरुप) छैन" झर्किएर क्रिस्टलले भनिन्। तर बुबाले वास्ता गरेन बरू भने, "मैले बनाएका छोराछोरीहरूमा तिमी सबभन्दा कुरुप छौ।" क्रिस्टललाई झन धेरै नमज्जा लाग्यो। बुबाका दस जना छोराछोरीहरू छन्। तर तिनीहरूमध्ये उनलाई अग्ली भन्दा आफू साँच्चिक्कै कुरुप भएको महसुस गरिन्। बुबाको त्यो कटु बचनले उनको जीवन परिवर्तन भयो। उनी धेरै उदास भइन् र आत्महत्या गर्न पनि सोचिन्। आफू केही नखाइ भोकभोकै पनि बसिन्। भोकै बस्दा आफू पातली र राम्री हुन्छु होला भनेर उनले ठानिन्। प्रत्येक दिन स्कूलपछि घरमा आएर आफ्नो कोठामा रहेको ऐनामा हेर्थिन् र आफ्नो मनलाई विगार्थिन्। "तिम्रो निधार त्यस्तो ठूलो किन हुनुपरेको?" आफूले आफैलाई आँखाभरि आँशु गालासम्म बगाउँदै सोध्थिन्। "तिम्रो दाँत त्यसतो ठूलो किन हुनुपरेको? किन तिमी मोटी भएकी?"

एक दिन सधैं जसो उनी ऐनामा उभिएर आफूलाई छियाछिया बनाइरहेकी थिइन् तब उनले रेडियोबाट एउटा गीत आइरहेको सुनिन्। "तिमी सुन्दरी छौ भनेर सधैं सम्झनु। तिमी भयानक र अद्‌भुत रितिले परमेश्वरले सृजना गर्नुभएको हो। तिमी येशू ख्रीष्ट प्रभुको बालिका हौ" गाएकले गाउँदै

थिए। गीतका ती शब्दहरूले क्रिस्टललाई चकित पाऱ्यो। उनले सोचिन्, "म भयानक र अद्भुत तरिकाले परमेश्वरले सृजनुभएको हो भने मैले मलाई नै टुक्रा टुक्रा गर्न गर्न खोजिरहेको छु। त्यसको अर्थ परमेश्वरले गल्ती गर्नुभयो भनेर मैले उहाँलाई सुनाइरहेकी छु।" अनि उनी धेरै रोएर परमेश्वरसँग क्षमा मागिन्। उनका दिग्दार र पीडाका आँशुहरू आनन्दमा परिवर्तन भयो। आफूलाई येशूको आँखाले हेर्ने तर अरू मानिसहरूको आँखाले होइन भनेर उनले निर्णय गरिन्। १७ वर्ष भएकी क्रिस्टलले सबभन्दा पहिलो पल्ट आफूलाई येशूको आखाले हेर्न थालिन्। भजन १३९:१४का शब्दहरू उनको निम्ति नयाँ अर्थ हुन थाल्यो र आनन्दले भरिएर पढ्न थालिन्, "म तपाईंको प्रशंसा गर्छु, किनकि म भयानक र अद्भुत रीतिले बनाइएको छु। तपाईंका कार्यहरू अद्भुत छन्, र त्यो कुरा म पूर्ण रूपले जान्दछु।"

उनले फेरि रमाइलो मानेर खान थालिन्। आलुसँग मिसाएको मकैको सुप, साग, गाजर, मुलाहरू उनलाई धेरै मिठो लाग्न थाल्यो। आफू बेकार भएको उनले अब कहिल्यै पनि ठानिनन्। आफू जिउनुको लक्ष्य छ भनेर उनले ठोकुवा गरिन्।

आफू दुःख मान्नुको सट्टा सबै थोक परमेश्वरको भरोसामा राख्न उनले सिकिन्। उनले परमेश्वरमाथि विश्वास र भरोसा राख्न थालिन्। आफूले पाउने दिन दिनैको आशिषको निम्तिमात्र होइन खुशी हुन पनि उनले परमेश्वरमा भर पर्न थालिन्। परमेश्वरबाट उनले पाएको आनन्द कसैले पनि खोस्न सक्दैन भनेर उनले महसुस गरिन्। कसैले उनलाई अग्ली भनेर बोलायो भने उनले वास्ता गरिनन्। जब उनको बुबाले उनलाई "अग्ली" भनेर बोलाउँथे तब परमेश्वरले उनलाई त्यसै गरि बनाउनुभएको हो भनेर सम्झिन्। "मलाई यसरी नै बनाउनुभएको हो। परमेश्वरले गल्ती गर्नुहुन्न" आफूले आफूलाई भनिन्।

आज क्रिस्टल ३३ वर्षकी छिन्। उनी चर्चको अगुवा छिन् र युवायुवतीहरूलाई परमेश्वरको बारेमा सुनाउन धेरै रुचाउँछिन्। विशेष गरेर परमेश्वरले गल्ती गर्नुहुन्न भनेर उनी सुनाउन चाहन्छिन्। "म सानी हुँदा कसैले पनि मलाई राम्रो भनेन। तर अब म अरूहरूलाई परमेश्वरले तिनीहरूलाई कसरी गन्नुहुन्छ सो सुनाउन चाहन्छु। तिनीहरूप्रति परमेश्वरको योजना छ जसरी मप्रतिपनि उहाँको योजना छ" उनले सुनाइन्।

**-आन्द्र्यु मेकचेस्नी**